२ औं

# वार्षिक साधारण सभा

२०७९ असोज २९

# वार्षिक प्रतिवेदन २०७८/०७९
# Annual Report 2021/2022




सम्पूर्ण वितिय सेवासहितको समुदायमा आधारित सक्षम दिगो साकोस

*सक्षम, दिगो साकोस*

# सगुन बचत तथा ऋण सहकारी संस्था लि.
## Sagun Saving & Credit Cooperative Society Ltd.

केन्द्रीय कार्यालय
ठाकुरबाबा न.पा.-५ शाहीपुर बर्दिया

# सञ्चालक समिति



श्री भिक्खुराम थारु
अध्यक्ष



श्री कालिचरण थारु
उपाध्यक्ष



श्री राम कुमार चौधरी
सचिव



श्री राधा थारु
कोषाध्यक्ष



श्री बुद्धिराम थारु
सदस्य



श्री चल्टुराम थारु
सदस्य



श्री लक्ष्मी थारु
सदस्य



श्री पल्टुराम थारु
सदस्य



श्री चम्पी कुमारी थारु
सदस्य



श्री फुलराम थारु
सदस्य



श्री रामदत्त थारु
सदस्य



श्री प्रमेश चौधरी
सदस्य



श्री विस्ना कुमाल
सदस्य

# लेखा सुपरिवेक्षण समिति



श्री विर बहादुर थारु
संयोजक



श्री विकास थारु
सदस्य



श्री मधु थापा मास्की
सदस्य

# हार्दिक मंगलमय शुभकामना

**नेपालीहरुको महान चार्ड विजया दशमी, शुभ दिपावली तथा छठ पर्वको पावन अवसरमा हामी हाम्रा शेयर सदस्य महानुभाव, शुभचिन्तक लगायत सम्पूर्ण देश विदेशमा रहनुहुने नेपाली दाजुभाई दिदी वहिनीहरुमा शुभकामना व्यक्त गर्दछौं ।**





सम्पूर्ण वित्तिय सेवासहितको समुदायमा आधारित सक्षम दिगो साकोस

सक्षम, दिगो साकोस

**सगुन बचत तथा ऋण सहकारी संस्था लि.**

**Sagun Saving & Credit Cooperative Society Ltd.**

**सगुन बचत तथा ऋण सहकारी संस्था**
ठाकुरबाबा न.पा.–५ शाहीपुर, बर्दिया

**दोस्रो वार्षिक साधारण सभाको अवसरमा प्रकाशित**

# वार्षिक प्रतिवेदन तथा प्रस्तावित कार्यक्रम

२०७८/०७९

**प्रतिवेदकहरु**

सचिव : रामकुमार चौधरी
कोषाध्यक्ष : राधा थारू
लेखा सुपरिवेक्षण समिति संयोजक : विरबहादुर थारू

**प्रकाशन उप समिति**

संयोजक : कालिचरण थारू
सदस्य : राधा थारू
सदस्य : विनोदकुमार थारू

**सहयोग**

अध्यक्ष : भिक्खुराम थारू
व्यवस्थापक : ललित कुमार थारू
बचत तथा ऋण स.अधिकृत : अनिलकुमार थारू

**कम्प्युटर/डिजाइन/मुद्रण**
नारायण अधिकारी
स्वर्गद्वारी प्रिन्टर्स भुरीगाउँ, बर्दिया
मो.नं. ९८४७९९२०९९, ९८६८२९२०९२

एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि

स.वि.द.नं. : ३२९-०५०/५१
स्थायी लेखा नं. : ३०३४०३०५४

नेफस्कून
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.



श्री अध्यक्षज्यू
सगुन बचत तथा ऋण सहकारी संस्था लि.
ठाकुरबाबा -५, बर्दिया ।

# शुभकामना

यस संघमा आबद्ध **सगुन बचत तथा ऋण सहकारी संस्था लि**.को एकीकरण पछिको दोस्रो बार्षिक साधारणसभा र सो अवसरमा प्रकाशित **"वार्षिक प्रतिवेदन"** मा संघको तर्फबाट शुभकामना व्यक्त गर्दै संस्था सहकारी सञ्चालनका सार्वभौम मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गरी नीति, विधि र प्रविधिको प्रधानता भित्र सदस्य केन्द्रित भई सुसञ्चालनमा रहेको छ भन्ने पूर्ण विश्वासका साथ हार्दिक बधाई ज्ञापन गर्दछु ।

संस्थाको एकिकरण पछिको दोस्रो बार्षिक साधारणसभाबाट कोभिड-१९ ले सदस्य र समुदायमा पारेको प्रभाव सम्बोधनका लागि व्यवसाय पुनरुत्थानसहित सदस्यको आर्थिक जीवन सहजीकरण गर्न उपयुक्त मार्गदर्शन प्राप्तहोस्, संघको तर्फबाट साधारणसभा पूर्ण सफलताको शुभकामनासहित सम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरुलाई हार्दिक बधाई दिन चाहन्छु ।

सदस्यहरूबीच वित्तीय कारोबार गर्ने यस बचत तथा ऋण सहकारी संस्थाले वित्त परिचालनमा निहित जोखिमको संवेदनशीलतालाई आत्मबोध गर्दै वित्तीय सुशासन र गुणस्तरीय सेवा सहित दिगो साकोस निर्माण मार्फत सदस्यको जीवनस्तर सुधारमा प्रतिवद्धताका साथ अगाडि बढ्न संघको तर्फबाट शुभेच्छा व्यक्त गर्दछु ।

हामी साकोस अभियानको चरणबद्ध विकासका कार्यमा योजनाबद्ध रुपमा लागिपरेका छौं । विद्युतीय वित्त प्रणाली, स्तरीकरण र स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक साझेदारी सहित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सफल अभ्यासहरुलाई नेपालको साकोस अभियानमा अवलम्बन गर्न प्रयत्नशील छौं । "सबल र दिगो वित्तीय सहकारीहरूको साझा सञ्जाल" भन्ने नेफस्कूनको परिकल्पना पूरा गर्न सद्भावपूर्ण सहकार्यको अपेक्षा गर्दै स्थानीयस्तरबाट समेत सुशासित साकोस अभियान निर्माणमा पहलकदमीको लागि अनुरोध सहित साकोसको उत्तरोत्तर प्रगतिका लागि पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु । जय सहकारी !!

मितिः २०७९/०६/०२

परितोष पौड्याल
अध्यक्ष

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९११६६, ४७८०२०१, ४७८३७०१, ४७८४४६९, इमेल : nefscun@nefscun.org.np
www.nefscun.org.np

# हार्दिक शुभकामना



नेपालको सहकारी क्षेत्रले सिमित रुपमा उपलब्ध श्रोत साधनका बाबजुत पनि सरकारी क्षेत्रको पहुँच नपुगेको र निजि क्षेत्रप्रति आम मानिसले अपनत्व ग्रहण गर्न नसकेको अवस्थामा आम मानिसका आवश्यकताहरुको परिपूर्ति गर्दै समाज तथा देशको आर्थिक सामाजीक तथा सांस्कृतिक क्षेत्रको विकासमा अतुलनिय योगदान गरिरहेको छ। सहकारीका विश्वव्यापी सिद्धान्त तथा मान्यताहरुलाई स्थानीयकरण गर्दै उपलब्ध रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान गरिरहेको छ।

सहकारी क्षेत्र बहुआयामिक क्षेत्र भएको हुदाँ राज्यका आर्थिक तथा सामाजीक विकासका लक्ष्य प्राप्तीका साथै स्थानीयस्तरका आर्थिक सामाजीक समस्याहरुको न्यायोचित समाधान गर्नका लागि सहकारीका मुल्य, मान्यता, निर्देशित सिद्धान्त र प्रयोगहरु सक्षम रहेका छन्। नेपालको संविधानले परिकल्पना गरेको लोकतान्त्रीक मुल्य र मान्यतामा आधारीत समाजवादको प्राप्तीका लागि सहकारी क्षेत्रको क्रियाशिलता आजको आवश्यकता हो। सहकारीको आर्थिक सहभागीतालाई, नेपालको संविधानप्रदत्त भुमीका दिइएको हुदाँ सहकारी अभियानले समेत संविधानको परिकल्पना अनुरुप आफ्नो भुमिका तथा जिम्मेवारीलाई गाम्भिर्यता पूर्वक लिनु आवश्यक रहेको छ।

सहकारी मार्फत आर्थिक तथा सामाजीक रुपान्तरणको अभियानमा क्रियाशिल **सगुन बचत तथा ऋण सहकारी संस्था लिमिटेड** ले आफ्नो **दोस्रो** वार्षिक साधारण सभाको अवसरमा स्थापना कालदेखि हालसम्म सञ्चालन गरेका कार्यक्रमहरु, वार्षिक कार्ययोजना, लेखा प्रतिवेदन तथा विविध गतिविधिलाई समेटेर **"वार्षिक प्रतिवेदन"** प्रकाशन गरि सदस्य माझ जानकारीका लागि पुऱ्याउन लागेको थाहा पाउँदा अत्यन्त खुशी लागेको छ।

यस सहकारी संस्थाले सहकारी र गरिबी क्षेत्रमा पुऱ्याएको योगदानको कदर तथा प्रशंसा गर्दै नेपाल जस्तो न्यून आर्थिक वृद्धि, बेरोजगारी, आर्थिक विकासमा क्षेत्रीय असमानता, व्याप्त गरिबी र विप्रेषणमुखी अर्थतन्त्रलाई सुधार गर्नको लागि संस्थाले गरेको प्रयास र सहकारी पद्धति मार्फत समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुर्‍याएको योगदानको कदर गर्दछु। सदस्यहरुलाई एकताबद्ध राख्नका लागि संस्थाका गतिविधि तथा सेवाको विषयको जानकारी दिन संस्थागत सुशासन कायम राखी सहकारी अभियानलाई मुर्त रुप दिन सहकारीको **वार्षिक साधारण सभा** गर्न लागेकोमा अत्यन्त सराहना व्यक्त गर्दछु।

साथै गरीबि न्यूनिकरण, लैंगिक समानता ,सामाजिक सद्भाव र विकास कायम गरी देशको समग्र आर्थिक विकास गर्न, रोजगारी सिर्जना गर्न,छरिएर रहेका स-साना पूँजिहरुलाई एकिकृत गरि सदस्यहरुकै संयुक्त सहभागितामा परिचालन गरी सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि संचालन गरी सहकारी अभियानमा अग्रणी स्थान हासिल गर्न सफल र सक्षम रहोस् भन्ने शुभकामना सहित यस सहकारी संस्थाको **"वार्षिक साधारणसभा"** को पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**के.बि उप्रेती**
**अध्यक्ष**

**मिती : २०७९/०६/०२**

Email:-dcu.bardiya852@gmail.com
दं नं.२/९/१/०३४/०३५ फो.नं.०८४/४२०८५२ दर्ता मिति:-२०३५/०३/३०

# जिल्ला सहकारी संघ लि.
## बर्दिया

प. स. ०७९/०८०
च.न.

मिति २०७९/०६/०२



## साधारण सभा सफलताको हार्दिक शुभ कामना

यस लुम्बिनी प्रदेश अन्तरगत बर्दिया जिल्ला ठाकुरबाबा नगरपालीका वार्डनंन ५ मा स्थापना गरी बर्दिया जिल्ला ठाकुरबाबा न.पा. १,२,३,४ र ५ मधुवन न.पा. १,२,३,र ४ बारबर्दिया न.पा. १,२ र ३ मुख्य कार्यक्षेत्र बनाई सक्रिय रुपमा कार्यरत सगुन बचत तथा ऋण सहकारी संस्था लि.ठाकुरबाबा ५ ले आफ्नो ०२ औं बार्षिक साधारण सभा सम्पन्न गर्न लागेकोमा सभाको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दै सहकारीले सभामा बितरण गर्न बार्षिक प्रगति प्रतिबेदन छपाई गरी बितरण गर्न लागेको खबर पाउदा खुसीलागेको छ।

२०७९ आषाढ मसान्त सम्म शेयर सदस्य सख्या ६६४१ जना र १ करोड ८५ लाख २५ हजार भन्दा बढी शेयर पूजि ६६ लाख ६९ हजार भन्दा बढी जगेडाकोष , १३ करोड ५९ लाख भन्दा बढी ऋण लगानी , ६ करोड भन्दा बढी नियमित बचत सहित १६ करोड ६५ लाख भन्दा बढीको बार्षिक कारोबार गरेको यस संस्थाको दरिलो हुदै गएको प्रारम्भिक पूंजीले भविष्यमा संस्थाको सफलता बृद्धि गर्ने लक्षण देखाउछ भने संस्थाको कारोबार सन्तोष जनक रहेको पाईएकोमा पनि खुशीलागेकोछ।

यस संस्थाले आफ्नो सेवा क्षेत्र अर्थात कार्यक्षत्रका बिपन्न समुदायहरुलाई समेत समेटेर सदस्यता बृद्धि , सदस्यको सेवामा बृद्धि, उत्पादन बृद्धि , आर्थिक प्रगतिमा सल्लेखीय बृद्धि गर्न समय सापेक्ष सूचना र प्रविधिको उपयोग गर्दै प्रचलित सहकारी ऐन, नियमावली, बिधि, कार्यविधि र निर्देशिका अनुसार अझ गतिशिल भई काम गरोस भन्ने शुभेक्षा राख्दछु। अन्त्यमा सहकारी संस्थामा आवद्ध सदस्यहरुको बिश्वास जित्दै समाजको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरमा सफलता मिलोस भन्ने शुभकामना सहित सहकारी सहकारी बिचको एकता र आम सहकारी कर्मिकालागी उधारणीय बन्न जिल्ला सहकारी संघ लि.बर्दिया संगको यस सहकारी संस्थाको सम्बन्ध अझ सुदृढ हुने बिश्वास सहित साधारण सभा सफलता संगै सभामा निर्णय भएका कुरा कार्यान्वयनमा आउन भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

*निरन्तर सहयोग र सहकार्यको अपेक्षा सहित, जय सहकारी !*

नवराज ढुङ्गाना
अध्यक्ष
जिल्ला सहकारी संघ, बर्दिया
फो नं. ०८४-४२०८५२
९८५८०२६६१५

*"Cumming together is beginning, keeping together is progress, and working together is success."*

# अध्यक्षको मन्तव्य



**भिक्खुराम थारू**
**अध्यक्ष**

प्रमुख अतिथि ज्यू, अतिथि गण, व्यवस्थापन समूह, एवम् उपस्थित सबै शेयर सदस्य ज्यूहरु,

हामी फेरि पनि २०७८/०७९ को वार्षिक कार्य समिक्षाको सन्दर्भ लिई वार्षिक साधारण सभाको कार्यमा जुटेका छौं । यसलाई सभ्य र भब्यका साथ पुर्ण रुपमा नतिजामुखी ठोस निर्णयका साथ सु-सम्पन्न गर्ने हामी सबैको प्रमुख दायित्व बनेर आएकोछ ।

प्रथमतः संस्थालाई आजका दिन सम्म यस्तो अवस्थामा ल्याई पुऱ्याउन स्थापनाका दिनदेखि अहोरात्र योगदान पुऱ्याउनु हुने संस्थाका संस्थापक ज्यूहरु, पूर्व संचालक एवम् कर्मचारीहरु अग्रज सबै शुभ चिन्तक सदस्यहरुको स्मरण गर्दै यो गरिमामय सभा समक्ष हार्दिक आभार र नमन व्यक्त गर्न चाहन्छु । विश्वास दिलाउन चाहन्छु तपाई हामी सबैले देखेको सपना अधुरो र अपुरो रहने छैन ।

संस्थाको अघिल्लो साधारण सभाबाट सञ्चालक समितिको जिम्मेवारी प्राप्त गरेको मौजुदा समितिबाट जिम्मेवारी प्रति हर सम्भव न्याय गर्ने प्रयासले सदैव सक्रिय भई गति बढाउदै गएको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छु । खास गरी प्रतिस्पर्धाको बजारमा हाम्रो साकोसको पहिचान र छवि उच्च राख्न प्राप्त गरेको नेतृत्वदायी जिम्मेवारी हाम्रो लागि अवसर र चुनौति दुवै समान रहेका छन् । अवसरको आधारमा चुनौतिको सामना गर्ने प्रेरणा तपाई सबैबाट निरन्तर मिल्दै जाओस यहि हाम्रो कामना छ ।

देशको बदलिदो संरचना संगै सहकारी ऐन, नियमावली निर्देशन र मार्गदर्शनमा पनि फरकता आएको छ । संस्था संचालनको परिस्थितिमा पनि बदलाव आएको छ । हाम्रो अनुभव र अभ्यासले पनि यहि इंगित गर्दछ । राष्ट्रिय र अन्तराष्ट्रिय जगतमा सहकारी संचालनका तमाम अभ्यासहरु भैरहेका छन् जस मध्ये असल अभ्यासको अनुसरणले नै संस्थाको बृद्धि विकास सम्भव रहेको निश्चित छ, प्रतिष्पर्धाको बजारमा प्रतिष्पर्धात्मक प्रकृयाबाट नै उत्कृष्टता हासिल गर्न सकिन्छ । यो कार्य एकल प्रयास वा संस्थाका एउटै पक्ष मात्र बलियो भएर सम्भव छैन । यसका लागि समग्र संचालक समूह, व्यवस्थापन समूह, र सबै सदस्य समूह नै एकाकार हुनु जरुरी छ ।

यस्तै संस्थाको आन्तरिक सबलीकरणका लागि सबै पक्षको समविकास पनि अनिवार्य छ । जे सुकै पनि मोटाउनु र सुन्निनुमा फरक हुन्छ । हाल संस्थाको बृद्धि विकासले सदस्य संस्था र पूँजीगत

क्षमतामा दैनिक बृद्धि भई रहेको छ । यसले गर्दा कारोबारको बृद्धि संगै जोखिमको आकार पनि बृद्धि भइरहेको छ । हामीले यसको समयमै यथोचित व्यवस्थापन गर्नु पर्छ । संस्थामा दक्ष मावन पूँजीको विकास र चलायमान आर्थिक पूँजीको बृद्धि गरी संस्थाको व्यवसायिक क्षमतामा अभिबृद्धि गर्दै जानु पर्छ । सदस्यहरुको आर्थिक जीवन सुरक्षित राख्न संस्थाले हाल जीवन बीमा, सामुहिक दुर्घटना बीमा र ऋण बीमा जस्तो योजनाहरु लागु गरेको छ । साथै, सदस्यहरुलाई समाबेशी वित्तिय सेवा प्रदान गर्ने विप्रेषण सेवा पनि संचालनमा ल्याएको छ । अवका दिनमा समय सापेक्ष युग सुहाउदो निती र प्रविधीमा आधारित संस्थाको विकास गर्ने कार्य हाम्रो प्रमुख दायित्व भित्र पर्दछ । त्यसैले समय निकै परिवर्तनशील छ । यसलाई आत्मसाथ गर्दै संस्थालाई सही दिशा निर्देश गर्न सक्यो भने संस्थागत उन्नति र सदस्यको सन्तुष्टि सहितको सफलता प्राप्त गर्न सकिनेछ भन्ने कुरामा विश्वस्त हुदै । अन्त्यमा यही भाद्र महिनाको ९ गते राती केही अज्ञात व्यक्तिहरु द्वारा संस्थाको केन्द्रीय कार्यालयमा भल्ट तोडफोड गरी केही नगद धनराशी चोरी भएका कुरा सर्वविदितै होला । यस सन्दर्भमा साधारण सभाको बन्द सत्रमा यथोचीत छलफल हुनेनै छ भन्ने पूर्ण विश्वासका साथ विदा हुन चाहन्छु धन्यबाद ।

जय सहकारी ।

# हार्दिक शुभकामना

**नेपालीहरुको महान चार्ड विजया दशमी, शुभ दिपावली तथा छठ पर्वको पावन अवसरमा हामी हाम्रा शेयर सदस्य महानुभाव, शुभचिन्तक लगायत सम्पूर्ण देश विदेशमा रहनुहुने नेपाली दाजुभाई दिदी वहिनीहरुमा शुभकामना व्यक्त गर्दछौं ।**

**अध्यक्ष**
**एवं सगुन साकोस परिवार**

# सगुन बचत तथा ऋण सहकारी संस्था लि.

**ठाकुरबाबा न.पा. ५, शाहीपुर, बर्दिया**

## आ.ब. २०७८|०७९ को प्रगती तथा आ.व. २०७९|०८० को प्रस्तावित नीति तथा कार्यक्रम



**रामकुमार चौधरी**
**सचिव**

आदरणिय यस सगुन बचत तथा ऋण सहकारी संस्था लि.द्वारा संचालित एकीकरण पछिको दोस्रो साधारण सभाका सभापति महोदय, प्रमुख अतिथी, विशेष अतिथी विभिन्न संघ संस्थाबाट पाल्नु हुने अतिथी बर्ग, संचालक समितिका मेरा सहपाठी मित्र, व्यवस्थापन पक्षका कर्मचारी मित्रहरु र यस सहकारीलाई संचालन गर्नमा विशेष भुमिका खेल्ने महान शेयर धनी सदस्य ज्यूहरु,

सहकारीको इतिहास हेर्दा सन् १८४४ मा बेलायतको रोचडेल बाट सहकारीको अवधारणा शुरु भई वि.स.२०१३ चैत्र २० गते चितवनको बखान गुरुङ्गबाट नेपालमा भित्रीएको हामीले पाउन सक्छौं । साथै, यस सगुन बचत तथा ऋण सहकारी संस्था लि.को इतिहास हेर्दा वि.स.२०५३ चैत्र २४ गते ४ जना महिला र २५ जना पुरुष गरी जम्मा २९ जना संस्थापक सदस्य भई विधिवत रुपमा सहकारी डिभिजन कार्यालयमा दर्ता भएको यो संस्थामा प्रारम्भिक चरणमा तपसिल बमोजिमको वित्तिय विवरण रहेको पाइन्छ ।

| | |
|---|---|
| **शेयर पूँजी** | **: रु.२४१५|-** |
| **संस्थागत पूँजी** | **: रु.८७|-** |
| **बचत/निक्षेप** | **: रु.४२७६|-** |
| **कुल सम्पत्ति** | **: रु.७१४४|-** |

प्रारम्भिक चरणमा निकै न्यून पूँजीबाट शुरु गरिएको यस साकोसको वित्तिय कारोबार हाल आएर निश्चित रुपमा बढेको भएता पनि विगत २ वर्ष सम्म कोरोना महामारीका कारणले विश्व अर्थ तन्त्र आक्रान्त भएको छ । विश्वका केही देशहरु अर्थतन्त्रका हिसावले टाँत पल्टिएको विभिन्न सञ्चार माध्यमबाट दैननदिन देखिरहको र सुनिरहेका छौं । यस अवस्थामा हाम्रो देश नेपालको अर्थतन्त्र पनि अछुतो रहेन, आर्थिक मन्दीका कारण उपभोग्य सामानहरुको मुल्य आकाशिएको छ । सामाजमा विकृति विसंगतिहरु छ्यापछ्याप्टि फैलिएका छन् । बैंक तथा वित्तिय संस्थाहरुमा विभिन्न खालका अप्रिय घटनाहरु भैरहेका छन् । राष्ट्रलाई समृद्ध बनाउने तीन खम्बाहरु दगमगाएका छन् । यस अर्थमा, एक

महत्वपूर्ण खम्बा मानिने सहकारी क्षेत्रमा पनि असर पर्नु स्वभाविक हो । प्रतिकुल समयका बावजुट हामीले सदस्य प्रति बफादार भई गुणस्तरिय तथा प्रतिष्पर्धात्मक सेवा प्रवाह गर्नु पर्ने भएको हुँदा सहकारीको ७ सिद्धान्तलाई आत्मसाथ गरि निरन्तर हजुरहरुको साथ सहयोगले यात्रा जारी राखेका छौं । हामी यस मानेमा विश्वस्त छौं कि समय जस्तो सुकै अग्नी परिक्षा किन नलिओस सदा झैं हातमा हात मिलाई, "**एकको लागि सबै र सबैको लागि एक**" भन्ने मुल्य मान्यतालाई अंगिकार गरि सगुन साकोसको सुनौलो परिकल्पना "**सम्पूर्ण वित्तिय सेवा सहितको समुदायमा आधारित सक्षम दिगो साकोस**" बनाउने छौं । चार वर्षे रणनीति व्यवसायिक योजनामा सगुन साकोसले कल्पना गरेको यो सुन्दर सपनालाई साकार पार्न हामी सबै संस्थापन पक्ष, व्यवस्थापन पक्ष लगायत शेयर धनी सदस्य ज्यूहरु एकबद्द हुन जरुरी छ । यसका बावजुत पनि हामीले हरेक वर्ष बार्षिक नीति तथा कार्यक्रमहरु नीति, विधी र प्रविधी लाई आत्मसाथ गरि गुणस्तरिय तथा सर्वसुलभ सेवा प्रदान गर्नका लागि प्रयत्नशिल छौं । म यसै सम्मानित साधारण सभा मार्फत के जानकारी गराउन चाहन्छु भने साकोसको केन्द्रीय छाता संगठनले अघि सारेको संकल्प "**एकीकृत साकोस सञ्जालका लागि साझा प्रविधी**" लाई साकार पार्न तथा सगुन साकोसलाई अझ प्रविधी युक्त बनाउन हामीले हाम्रो कार्यक्रममा प्रविधीलाई विशेष जोड दिएका छौं । जोखिममा आधारित साकोस सुपरिबेक्षण कार्यक्रम(कर्बस) लाई अडिट गर्ने जमर्को गर्दैछौं । "**नीतिगत केन्द्रीयता, कार्यगत स्वतन्त्रता**" अवधारणालाई पछ्याई सेवा केन्द्र स्तरिय रणनीतिक योजना बनाई लागु गरिने छ । भने संस्थागत बृद्धि विकासका लागि सहकारी एकीकरण कार्यक्रमलाई द्रुत गतिमा कार्यान्वयन गरिने छ ।

आदरणिय यस सभाका अध्यक्ष महोदय, तथा शेयर धनी सदस्य ज्यूहरु अब यस सम्मानित सभामा आ.ब.२०७८/०७९ को बार्षिक प्रगति प्रतिबेदन तथा आ.ब. २०७९/०८० को प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्न गैरहेको छु ।

## प्रगती प्रतिवेदन २०७८।०७९

१. **सदस्यता बृद्धि :**

क) सदस्य संख्या ५०८२ को ३०।६८% ले १५५९ सदस्य बृद्धि गरी ६६४१ जना पुऱ्याइएको ।

ख) शेयर सदस्य, संचालक समिति तथा उपसमितिबाट कुल लक्ष्य मध्ये ३।८५% सदस्यता बृद्धि गरिएकोछ ।

ग) कर्मचारी बर्गले उपलब्धि गरिएको नतिजा मध्ये ९६।१५% लक्ष्य प्राप्ति गरेको छ ।

घ) सेवा केन्द्र स्तरिय रणनीतिक योजना बनाई लक्ष्य प्राप्तिको लागि अभ्यास गरिएको छ ।

ङ) बेहुला बेहुली तथा नवजात शिशु कार्यक्रम गरि सदस्यता विस्तारमा टेवा पुऱ्याइएको छ ।

च) यस आ.ब.मा निशुल्क सदस्यता विस्तारको कार्यक्रम दुई पटक गरिएको छ, जसमा १०८५ जना सदस्यलाई निशुल्क सदस्यता प्रदान गरिएको छ ।

२. **शेयर पूँजी बृद्धि :**

क) शेयर पूँजी बृद्धि गत आ.ब.को अन्त्यमा रहेको रु.१५६०८४००/- को १९।७९% ले रु ३१,१६,६००/- बृद्धि गरी जम्मा रु.१,८७,२५,०००/- पुऱ्याइएको छ ।

ख) शेयर सदस्य, संचालक तथा उपसमितिबाट ३।८५% सदस्यता बृद्धि गरे बाफत सोही अनुसार शेयर प्रदान गरिएकोछ ।

ग) ऋण रकमको अनुपातमा ५% शेयर पुगेको हुनु पर्ने र पुगेकाले पुनः ऋण लिदा ०.५% का दरले शेयर थप्ने कार्यलाई निरन्तरता दिइएको छ ।

घ) सदस्यको नियमित बचतको अनुपातमा १०% हुने गरी शेयर बृद्धि गर्ने कार्य लाई निरन्तरता दिइएको छ ।

ङ) आ.ब.०७७/०७८ को शेयरलाभांश ७% का दरले वितरण गरी यसलाई निरन्तर बृद्धि गर्दै लैजाने लक्ष्यमा केन्द्रित भएर काम गरिएको छ ।

च) यस आ.ब.मा पनि कारोबार गर्ने सदस्यहरुलाई संरक्षित पूजी फिर्ता कोष वितरण गरिएको छ ।

३. **बचत सेवा :**

क) बचत नीतिमा बीमा बचत खाताको प्रकार थप गरी सेवा सुचारु गरिएको छ ।

ख) बचत नीतिमा परिमार्जन गरी हरेक ३/३ महिनामा बचतमा व्याज गणना गर्ने व्यवस्था मिलाइएको छ ।

ग) बचतको व्याजदर हरेक ३/३ महिनामा समय सापेक्ष पुनराबलोकन गरिएको छ ।

घ) स्वाबलम्बन कार्यक्रम विस्तार गरी नयाँ समूह गठन गरिएको छ ।

ङ) निष्कृय सदस्यहरुलाई नियमित सम्पर्क तथा भेटघाट गरी बचत संकलन मार्फत सक्रिय बनाउने कार्य गरिएको छ ।

च) बीमा बचत, खुत्रुके बचत, दैनिकी बचत, पटके बचत मार्फत ऐच्छिक बचत कार्यक्रममा सहभागिताको लागि प्रेरित गरिएको छ ।

छ) संस्थाले उत्पादन गरेका अन्य सबै प्रकारका बचत सेवाहरुलाई समय सापेक्ष प्रभावकारी बनाउदै लगिएको छ ।

ज) मासिक बचत बृद्धिका लागि समय सिमा हटाई शेयर सदस्यको इच्छा अनुसारको समयमा बचत बृद्धि गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

४. **ऋण सेवा :**

क) आय मुलक ऋणको लागि एक जना सदस्यलाई लगानी गर्ने अधिक्तम रकम रु.१५ लाख कायम गरि कार्यान्वयनमा ल्याएको छ ।

ख) दैनिक बचत जमानीमा क्रमशः ५० हजार, १ लाख, १ लाख ५० हजार र अधिकतम रु.२ लाखसम्म ऋण लगानीको व्यवस्था मिलाइएको छ ।

ग) ऋण सेवाको ब्याजदर हरेक ३/३ महिनाको अन्तरालमा समय सापेक्ष पुनराबलोकन गरिएको छ ।

घ) पल्स मापदण्ड अनुसार भाखा नाघेको ऋण घटाउने नीति अवलम्वन गरिएको छ ।

ङ) ऋण लगानीको क्षेत्राधिकार तपशिल बमोजिम कायम गरिएको छ ।

| क्र.स | रकम सिमा | स्थलगत अनुगमन | सिफारिस | स्वीकृती |
|---|---|---|---|---|
| १. | ३०,०००/- सम्म | सम्बन्धित फिल्ड कर्मचारी | सम्बन्धित फिल्ड कर्मचारी | सम्बन्धित फिल्ड कर्मचारी |
| २. | ३०००१ देखि १,५०,०००/- सम्म | सम्बन्धित फिल्ड कर्मचारी /ऋण सहायक अधिकृत | सम्बन्धित फिल्ड कर्मचारी | ऋण सहायक अधिकृत |
| ३. | १५०००१ देखि ३,००,०००/- सम्म | ऋण सहायक अधिकृत | ऋण सहायक अधिकृत | व्यवस्थापक |
| ४. | ३०००0१ देखि ७,००,०००/- | ऋण सहायक अधिकृत | ऋण सहायक अधिकृत/ व्यवस्थापक | ऋण उपसमिति |
| ५. | ७०००0१ देखि १५,००,०००/- | ऋण सहायक अधिकृत तथा ऋण उपसमिति | ऋण उपसमिति | संचालक समिति |
| | सेवा केन्द्र व्यवस्थापन उपसमिति कार्यक्षेत्र भित्र | | | |
| ६. | ३०००१ देखि १००००० सम्म | सम्बन्धित फिल्ड कर्मचारी | सम्बन्धित फिल्ड कर्मचारी | सेवा केन्द्र प्रमुख |
| ७. | १०००0१ देखि ४००००० सम्म | सम्बन्धित फिल्ड कर्मचारी | सेवा केन्द्र प्रमुख | सेवा केन्द्र व्यवस्थापन उप समिति |

**५. बीमा सेवा :**

क) केन्द्रीय तथा सेवा केन्द्रमा रहेको भल्टहरुको बीमा गरिने कार्यलाई निरन्तरता दिइएको छ ।

ख) यस आ.ब.मा सदस्यहरुको सामुहिक दुर्घटना बीमा ६९७० जनाको गरिएको छ भने मासिक रुपमा बृद्धि हुदै गरेको सदस्यहरुको बीमा निरन्तर रुपमा गरिदै लगिएको छ ।

ख) १४ जना कर्मचारीहरुको दुर्घटना बीमा रु.७ लाख तथा सदस्यहरुको रु.१ लाख बराबरको सामुहिक दुर्घटना बीमा संस्थाको चालु खर्चबाट व्यवस्था गरिएको छ ।

ग) ऋणी सदस्यहरुको लागि रु १० हजारदेखि माथिको सबै ऋण बीमा अनिवार्य गरिएको छ । जस अनुसार आर्थिक वर्ष भरी जम्मा १,५३५ जना ऋणी सदस्यहरुको ऋण बीमा गरिएको छ ।

घ) जीवनलाई आर्थिक रुपमा सुरक्षित गर्नका लागि जीवन बीमा कार्यक्रम विस्तार गरी यस आ.ब.मा ६ जनाको जीवन बीमा गराइएको छ ।

ङ) यस आ.ब.मा सदस्यहरुको सामुहिक दुर्घटना बीमा कार्यक्रम मार्फत दुर्घटना मृत्यू बीमा दावी भुक्तानी तपसिल अनुसारको २ जना सदस्यको परिवारलाई गरिएकोछ ।

**तपसिल :**

| क्र.स. | नाम | सदस्यता नं. | ठेगाना | दुर्घटना मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १. | शशी चौधरी | ३५३९ | बारबर्दिया-३, भैसाखानी | २०७८/०७/१९ | १०००००/- |
| २. | अर्जुन कुमार थारु | ४०४८ | ठाकुरबाबा-५, बनविरपुर | २०७८/१२/०५ | १०००००/- |
| | | | | जम्मा | २०००००/- |

**६. विप्रेषण सेवा :**

क) संस्थामा संचालित सबै विप्रेषण सेवाहरु सेवा केन्द्र सम्म पूऱ्याई सेवामा सुलभता ल्याइएको छ ।

ख) विप्रेषण कारोबारको हिसाव किताव मासिक रुपमा अभिलेखिकरण गरि पारदर्शि बनाइएको छ ।

ग) विप्रेषण सेवा मार्फत संस्थागत मुनाफामा बृद्धि गरिएकोछ ।

**७. सन्तति राहतकोष :**

क) राहत कोषमा सहभागिताको लागि यस कार्यक्रमको मापदण्ड अनुसार ४३५० जना सदस्यलाई संलग्न गराइएको छ ।

ख) सन्तति राहत कोष कार्यक्रम अन्तरगत आ.ब. २०७८/०७९ मा तपशिलका सदस्यहरुका सन्ततिलाई राहत प्रदान गरिएको छ ।

| क्र.स. | सदस्य नाम | स.नं. | ठेगाना | स्वर्गारोहण मिति | राहत रकम रु. |
|---|---|---|---|---|---|
| १. | पर्भी थारु | २३०९ | ठाकुरबाबा-५, शाहीपुर | २०७८/०४/०८ | १५०००/- |
| २. | समिर थारु | ३८७१ | ठाकुरबाबा-५, तकिया | २०७८/०४/२० | १५०००/- |
| ३. | विक्रम थारु | ७५० | मधुवन-२, सोनाहा | २०७८/०४/३० | १५०००/- |
| ४. | सुजाता दहित थारु | ५०८७ | मधुवन-२, रजवारा | २०७८/०६/०२ | १५०००/- |
| ५. | शशी चौधरी | ३५३९ | बारबर्दिया-३, भैसाखानी | २०७८/०७/१९ | १५०००/- |
| ६. | राम कुमारी थारु | १६८४ | ठाकुरबाबा-५, खोनपुर | २०७८/०७/२५ | १५०००/- |
| ७. | सिताराम थारु | १८३ | ठाकुरबाबा-५, शाहीपुर | २०७८/०८/१६ | १५०००/- |
| ८. | गज्जु थारु | १३३४ | ठाकुरबाबा-५, ढुंग्रहवा | २०७८/१०/२७ | १५०००/- |
| ९. | मनविर धरकटुवा | १५४ | ठाकुरबाबा-४, बगनाहा | २०७८/१२/१२ | १५०००/- |
| १०. | ग्यारदिया थारु | १४६१ | मधुवन-१, तडुवा | २०७९/०१/०४ | १५०००/- |
| ११. | मान बहादुर थारु | ११५ | ठाकुरबाबा-५, ढुंग्रहवा | २०७९/०३/१० | १५०००/- |
| | | | | जम्मा | १६५०००/- |

**८. शिक्षा सूचना, तालिम तथा क्षमता अभिबृद्धि :**

क) रणनीतिक व्यवसायिक योजना पुनराबलोकन गर्दै वार्षिक नीति तथा कार्यक्रम तय गरिएको छ ।

ख) शेयर सदस्यहरुलाई आधारभूत सहकारी शिक्षा तपशिलको सहभागिता र स्थानमा सम्पन्न गरिएको छ ।

| क्र.स. | कार्यक्रम | मिति | स्थान | जम्मा सहभागि |
|---|---|---|---|---|
| १. | सेवाकेन्द्र समुद्घाटन समारोह | २०७८ भाद्र १३ | मधुवन २, ओराली बजार | ४५ |
| २. | विस्तारित मञ्च बैठक | २०७८ असोज २ | चन्दक चटिया हल | ८६ |
| ३. | सहकारी शिक्षा शिविर | २०७८मंसिर २७ | मधुवन ४, बेलुवा | ५५ |
| ४. | सहकारी शिक्षा शिविर | २०७८ पौष १० | बारबर्दिया २, कुमरागाउं | ४९ |
| ५. | सहकारी शिक्षा शिविर | २०७८ पौष १२ | बारबर्दिया २ नारायणपुर | ६४ |
| ६. | सहकारी शिक्षा शिविर | २०७८ पौष १३ | बारबर्दिया ३ रामपुर | ६९ |
| ७. | सहकारी शिक्षा शिविर | २०७८ पौष १४ | मधुवन ३ खाता | ३९ |

| | | | | |
|---|---|---|---|---|
| ८. | सहकारी शिक्षा शिविर | २०७८ पौष १८ | बारबर्दिया २ ढुग्रही | ७६ |
| ९. | सहकारी शिक्षा शिविर | २०७८ पौष २० | बारबर्दिया १ फुलबारी | ४० |
| १०. | सहकारी शिक्षा शिविर | २०७८ पौष २१ | बारबर्दिया २ जोगिगाउ | ७२ |
| ११. | सहकारी शिक्षा शिविर | २०७८ पौष २१ | मधुवन २ अम्बरपुर | ६६ |
| १२. | सहकारी शिक्षा शिविर | २०७८ पौष २२ | मधुवन ३ धनौरा | ७३ |
| १३. | सहकारी शिक्षा शिविर | २०७८ पौष २५ | बारबर्दिया ३ भैसाखानी | ८१ |
| १४. | सहकारी शिक्षा शिविर | २०७८ पौष २७ | ठाकुरबाबा ५ तकिया | ७३ |
| १५. | सहकारी शिक्षा शिविर | २०७८ पौष २८ | मधुवन ४ बसन्ता | ४९ |
| १६. | सहकारी शिक्षा शिविर | २०७८ पौष २९ | बारबर्दिया ३ बेल्वाबज्जा | ६४ |
| १७. | सहकारी शिक्षा शिविर | २०७८ चैत्र १५ | मुधवन ४, महुवा | ७९ |
| | | | जम्मा सहभागि | १०८० |

ग) ऋणी सदस्यहरुको लागि ऋण शिक्षा तथा परामर्श नियमित रुपमा नगद काउन्टर, ऋण शाखा तथा शिक्षा शिविर मार्फत गरिएको छ ।

घ) संस्थामा कार्यरत कर्मचारीहरुको लागि २ दिने नेकोस प्लस सफ्टवयर क्षमता अभिबृद्धि तालिम नेफ्स्कूनको प्राविधिक सहयोगमा २०७८ पौष २३ र २४ गते सम्पन्न भएको छ ।

ङ) संचालकहरुको क्षमता अभिबृद्धि कार्यक्रम सहकारी अवलोकन भ्रमणको क्रममा मिति २०७८ कार्तिक २० गते नेफ्स्कूनका पूर्व कोषाध्यक्ष केशव पोखेल ज्यूको सहजीकरणमा सम्पन्न गरिएको छ ।

च) ठाकुरबाबा सहकारी सञ्जालको आयोजनामा कोपोमिस तालिममा सेवा केन्द्र प्रमुखहरुलाई सहभागि गराइएको छ । ,

छ) संचालक तथा कर्मचारीहरुको संयुक्त सहकारी अवलोकन भ्रमण तपसिलको ब्राण्ड प्राप्त सहकारीहरुमा गरिएको छ ।

| क्र.स. | सहकारीको नाम | ठेगाना | सदस्य संख्या | कुल सम्पत्ति रु. |
|---|---|---|---|---|
| १. | किसान कल्याण बचत तथा ऋण सहकारी संस्था लि. | इटहरी, बालग्राम चोक, सुनसरी | १४९१५ जना | ५३३१८४७७८।११ |
| २. | कनक लक्ष्मी बचत तथा ऋण सहकारी सस्था लि. | सुन्दरहरैचा-६, मोरङ्ग | ८२२९ जना | ६६०६५७३५५।८० |
| ३. | स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | बेलडाँगी रोड,दमक-६, झापा | ६५१३ जना | १०४९७९४९३२।४३ |
| ४. | जनउत्थान बचत तथा ऋण सहकारी संस्था लि. | तिलोत्तमा-१५, कोटिहवा, रुपन्देही | २५०६५ जना | २४६२११७१३५।७७ |

ज) अन्य संघ संस्थाको आयोजनामा संचालित तालिमहरुमा मौजुदा जनशक्तिको सहभागिता गराइएको छ ।

**९. मानव संशाधन व्यवस्था :**

क) सक्षम जनशक्तिको विकास गरी दीगो व्यवस्थापन गर्न र उचित ढंगबाट परिचालनका लागि मानव संशाधन व्यवस्थापन नीति २०७८ लागु गरिएको छ ।

ख) बर्तमान कर्मचारी व्यवस्थापन संरचना अनुसार मौजुदा कर्मचारीहरुको योग्यता तथा वार्षिक कार्यसम्पादनका आधारमा समायोजन गरिएको छ ।

**१०. कार्यालय व्यवस्थापन :**

क) यस आ.ब.मा संचालनमा आएको सुर्यपटुवा सेवा केन्द्रको कार्यालय ओरालीबजारमा व्यवस्थापन गरिएको छ ।

ख) साकोसलाई आबश्यक पर्ने तपसिल बमोजिमको अचल सम्पत्तिहरुको कोटेशन आह्वान गरि खरिद गरिएको छ ।

**तपसिल :**

| क्र.स | सम्पत्तिको विवरण | उत्पादन गर्ने कम्पनी | थान | खरिद मिति |
|---|---|---|---|---|
| १. | स्टेपलर (एच.डी १२१७) | कंगारू | १ | २०७८/०४/०४ |
| २. | पंचिंग मेशिन (८०० प्लस) | कंगारू | १ | २०७८/०४/०४ |
| ३. | सेफ (भल्ट) २ क्वीन्टल | गोदरेज | २ | २०७८।०५।२५ |
| ४. | कलर प्रिन्टर (जी २०२०) | क्यानन | २ | २०७८।०५।१७ |
| ५. | इन्भर्टर(१५० एम्पियर) | शुवास्तिका | ४ | २०७८।०५।१७ |
| ६. | कम्प्यूटर (I५) | डेल | १ | २०७८।०५।१७ |

**११. संस्था सुपरिबेक्षण कार्यक्रम :**

क) यस आ.ब.मा पनि नेफ्स्कून द्वारा संचालित जोखिममा आधारित साकोस सुपरिबेक्षण (कर्बस) कार्यक्रममा संलग्नता जनाइएको छ ।

ख) कर्वस कार्यक्रम अन्तर्गत पार्म ओर्कसपमा सहभागिता तथा सम्बन्धित निकायबाट पटक-पटक साकोस अनुगमन तथा निरिक्षण गरिएको छ ।

ख) कर्बस निर्देशिकामा निर्देशित मार्ग दर्शन पछ्याई पर्ल्स मापदण्ड पुरा गर्न कर्मचारीको योग्यता क्षमता तथा वार्षिक कार्यसम्पादन मुल्यांकनको आधारमा समायोजन गरिएको छ ।

**१२. नीति विधी व्यवस्थापन :**

सहकारी विभाग, केन्द्रीय छाता संगठन तथा जोखिममा आधारित साकोस सुपरिबेक्षण (कर्वस) कार्यक्रमको निर्देशिका अनुसार, विभिन्न नीति, निर्देशिका तथा कार्यविधी निर्माण गर्नुका साथै कार्यान्वयनमा ल्याइएको छ ।

**१३. सामाजिक सेवा कार्यक्रम :**

क) समय सापेक्ष सगुन साकोसको सहआयोजना तथा ठाकुरबाबा नगरपालिकाको आयोजनामा बृहत रक्तदान कार्यक्रममा सहभागिता जनाई १८ जना रक्तदाताबाट रक्तदान गराइएको छ ।

**१४. छपाई तथा प्रकाशन :**

क) सम्पत्ति शुद्धिकरण कार्यविधी अनुसार आम्दानीको श्रोत खुल्ने बचत जम्मा पूर्जाको छपाई गरिएको छ ।

ख) भुक्तानी पूर्जा (चेक बुक) को छपाई गरि नियमित रुपमा कारोबार गर्ने सदस्यलाई वितरण गरिएको छ ।,

ग) व्यवसायिक सदस्यहरुबाट विज्ञापन संकलन गरि सगुन भित्तेपात्रो २०७९ प्रकाशन गरिएको छ ।

घ) सबै शेयर धनी सदस्यको बुझाई हुने गरी सरल भाषामा वार्षिक प्रतिबेदन २०७८ प्रकाशन गरिएको छ ।

ङ) नियमित रुपमा आवश्यक पर्ने नगदी रसिद, भरपाई, तमसुक तथा विभिन्न फारमहरु आवश्यकताको आधारमा खरिद तथा छपाई गरिएको छ ।

च) विभिन्न गोष्ठी, समारोहका लागि आवश्यक पर्ने मायाको चिनो निर्माण तथा खरिद गरिएको छ ।

**१५. साधारण सभा व्यवस्था :**

क) साधारण सभामा उपस्थित हुने शेयर सदस्यहरुलाई आवतजावत तथा खाजा खर्च बापत जनही रु १००/- हातहातै उपलब्ध गराइएको छ ।

## प्रस्तावित बार्षिक नीति तथा कार्यक्रम
## आ.व.०७९/०८० का लागि

**१. सदस्यता बृद्धि :**

क) हाल रहेको सदस्य संख्या ६६४१ को ४१ प्रतिशतले २७२२ सदस्य बृद्धि गरी जम्मा सदस्य संख्या ९३६३ पुऱ्याइने छ ।

ख) शेयर सदस्य, संचालक समिति तथा उपसमितिलाई सदस्यता बृद्धिको कुल लक्ष्य मध्ये १०% बृद्धि गर्न सक्नेछन सो बापत प्रति सदस्य १ थान शेयर प्रदान गरिने छ ।

ग) कर्मचारी बर्गलाई तोकिएको सदस्यता बृद्धि लक्ष्यको ९०% लक्ष्य प्राप्ति गर्नुपर्ने छ ।

घ) सेवा केन्द्र स्तरिय रणनीतिक योजना बनाई लक्ष्य प्राप्तिमा जोड दिइने छ ।

ङ) सदस्यताको सुनिश्चित गरी बेहुला बेहुली तथा नवजात शिशु कार्यक्रम संचालन गरिनेछ ।

च) संस्था एकीकरण मार्फत सदस्यता बृद्धिमा जोड दिइने छ ।

छ) विशेष कार्यक्रमको अवसरमा निशुल्क सदस्यता वितरण मार्फत सदस्यता बृद्धि गरिनेछ ।

**२. शेयर पूँजी बृद्धि :**

क) शेयर पूँजी बृद्धि गत आ.ब.को अन्त्यमा रहेको रु.१८७२५०००/- को ४३।१७% ले रु.८०८३६००/- बृद्धि गरी जम्मा रु.२६८०८६००/- पुऱ्याइने छ ।

ख) ऋण रकमको अनुपातमा ५% शेयर पुगेको हुनु पर्ने र पुगेकाले पुनः ऋण लिदा ०.५% का दरले शेयर थप गरी शेयर पूँजीमा बृद्धि ल्याइनेछ ।

ग) सदस्यको नियमित बचतको अनुपातमा १०% हुने गरी शेयर बृद्धि गरिनेछ ।

घ) यस आ.ब.मा पनि सदा झै शेयर लाभांश तथा संरक्षित पूजी फिर्ता कोष वितरण गरिनेछ ।

ङ) सबै भन्दा बढी शेयर कित्ता खरिद गर्ने सदस्यलाई सम्मान गरी शेयर पूँजी बृद्धिमा प्रोत्साहन गरिनेछ ।

३. **बचत सेवा** :

क) बचत नीति अनुसार हरेक ३/३ महिनामा बचतमा व्याज गणना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

ख) बचतको व्याजदर हरेक ३/३ महिनामा समय सापेक्ष पुनराबलोकन गर्दै लगिनेछ ।

ग) स्वाबलम्बन कार्यक्रम व्यवस्थित तथा विस्तारका लागि छुट्टै उपसमिति गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।

घ) विभिन्न कार्यक्रम मार्फत ३०% शेयर सदस्यहरुको नियमित बचतदरमा बृद्धि ल्याउन प्रेरित गरिनेछ ।

ङ) हरेक सदस्यलाई कम्तीमा पनि ३ प्रकारको बचत कार्यक्रममा सहभागिताको लागि प्रेरित गर्ने ।

च) संस्थाले उत्पादन गरेका सबै प्रकारका बचत सेवालाई प्रभावकारी कार्यान्वयनका साथ निरन्तरता दिइने छ ।

छ) नियमित मासिक बचत दर जुनसुकै महिनामा पनि बृद्धि गर्न सकिनेछ र बृद्धि गरिसकेपछि सो आर्थिक वर्ष सोही दरमा जम्मा गर्नु पर्ने प्रावधानलाई निरन्तरता दिइनेछ ।

ज) निष्क्रिय सदस्यहरुलाई नियमित सम्पर्क तथा भेटघाट गरी सक्रिय बनाउन प्रेरित गरिनेछ ।

झ) अष्टिम्की विशेष तथा बचत संकलन कार्यक्रम मार्फत बचत पूँजी संकलनमा बृद्धि गरिनेछ ।

४. **ऋण सेवा** :

क) आय मुलक ऋणको लागि प्रति सदस्य लगानी गर्ने अधिक्तम रकम रु.२० लाख कायम गरिनेछ ।

ख) कम्तीमा रु.१५००/- का दरले दैनिक बचत गर्ने शेयर सदस्यलाई ३ लाख ऋण लगानीको व्यवस्था मिलाइने छ भने प्रारम्भिक ऋण लगानी रु.५० हजारको हुनेछ ।

ग) ऋण सेवाको ब्याजदर हरेक ३/३ महिनामा समय सापेक्ष पुनराबलोकन गरिनेछ ।

घ) पल्स मापदण्ड अनुसार भाखा नाघेको ऋण प्रतिशत कायम गर्न सदाझै प्रयासरत रही रहनेछ ।

ङ) भाखा नाघेको किस्ता रकमको समेत हर्जाना पहिलो महिना ०।५%, दोस्रो महिना १% र तेस्रो महिना १।५% का दरले कायम गरिने छ साथै, हरेक आर्थिक वर्षको असार मसान्त भित्र व्याज नबुझाउने ऋणीले तिर्नुपर्ने ब्याज रकमको ३% हर्जाना कायम गरिने छ ।

च) उत्पादन मुलक शिर्षकमा ऋण लगानी उत्साहित गर्ने साथै अनुत्पादन मुलक ऋणलाई निरुत्साहित गर्दै लगिनेछ ।

छ) ऋण लगानीको क्षेत्राधिकार तपशिल बमोजिम हुने छ ।

| क्र.स. | ऋण सिमा | ऋण समय सिमा | स्थलगत अनुगमन/सिफारिस | निर्णय | स्वीकृती |
|---|---|---|---|---|---|
| १. | २५,०००/- सम्म | १ वर्ष | कार्यालय प्रमुख | कार्यालय प्रमुख | कार्यालय प्रमुख |
| २. | १,००,०००/- सम्म | २ वर्ष | सम्बन्धित फिल्ड कर्मचारी | सम्बन्धित सेवा केन्द्रको सबै कर्मचारी बैठकबाट | सेवा केन्द्र प्रमुख |
| ३. | १,००,००१ देखि ३,००,०००/- सम्म | ३ वर्ष | सेवा केन्द्र प्रमुख | सेवा केन्द्र प्रमुख र उपसमिति संयोजक | उपसमिति संयोजक |
| ४. | ३,००,०००/- सम्म | ३ वर्ष | ऋण सहायक अधिकृत | ऋण सहायक अधिकृत र व्यवस्थापक | व्यवस्थापक |
| ५. | ३००००१/- देखि ५०००००/-सम्म | ४ वर्ष | ऋण सहायक अधिकृत | ऋण सहायक अधिकृत र व्यवस्थापक | व्यवस्थापक |
| ६. | ५००००१ देखि ७,००,०००/- सम्म | ५ वर्ष | ऋण सहायक अधिकृत | ऋण उपसमिति | ऋण उपसमिति संयोजक |
| ७. | ७००००१ देखि १५०००००/- सम्म | ६ वर्ष | ऋण सहायक अधिकृत | ऋण उपसमिति | ऋण उपसमिति संयोजक |
| ८. | १५००००१ देखि २०,००,०००/-सम्म | ७ वर्ष | ऋण सहायक अधिकृत तथा ऋण उपसमिति | संचालक समिति | अध्यक्ष |

**५. बीमा सेवा :**

क) भल्ट, नगद ओसार पसार, कर्मचारी तथा सदस्यहरुको सामुहिक दुर्घटना बीमा जस्ता जनरल बीमाहरुलाई निरन्तरता दिइने छ ।

ख) कर्मचारीको दुर्घटना बीमा रु.७ लाख तथा सदस्यहरुको रु.३ लाख बराबरको सामुहिक दुर्घटना बीमा संस्थाको चालु खर्चबाट व्यवस्था गरिने छ ।

ग) ऋणी सदस्यहरुको लागि रु.१० हजार देखि माथिको सबै ऋण बीमा अनिवार्य गरिने छ ।

घ) सदस्यहरुको भविष्य आर्थिक रुपमा सुरक्षित गर्नका लागि जीवन बीमा कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ ।

**६. विप्रेषण सेवा :**

क) विप्रेषण कारोबारको हिसाव किताव मासिक रुपमा हरेक सेवा केन्द्रमा अभिलेखिकरण गर्दै केन्द्रमा प्रतिबेदन पेश गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

ख) साकोसको सबै कार्यालयमा सदस्यता बृद्धिको रुपमा विप्रेषण सेवा प्रदान गरिने छ ।

**७. सन्तति राहतकोष :**

क) राहत कोषमा सहभागिताको लागि यस कार्यक्रमको मापदण्ड अनुसार सबै सदस्यलाई संलग्न गराइनेछ ।

ख) सन्तति राहत कोष कार्यक्रमबाट सदस्यहरुलाई न्यायोचित लाभको लागि नियमित बचत गरेको पछिल्लो अवधीको आधारमा तपसिल अनुसार राहत कोष वितरण गरिनेछ ।

| क्र.स. | विवरण | लाभ प्रतिशत |
|---|---|---|
| १. | ३ वर्ष सम्म बचत नगरेको सदस्यलाई | १००% |
| २. | ३ वर्ष भन्दा बढी ५ वर्ष सम्मको निष्क्रिय सदस्यलाई | ९०% |
| ३. | ५ वर्ष देखि ७ वर्ष सम्मको निष्क्रिय सदस्यलाई | ७०% |
| ४. | ७ वर्ष भन्दा बढी समय सम्म निष्क्रिय सदस्यलाई | ५०% |

**८. शिक्षा सूचना, तालिम तथा क्षमता अभिबृद्धि :**

क) रणनीतिक व्यवसायिक योजना पुनरावलोकन तथा परिमार्जन गरी नयाँ व्यवसायिक योजना लागु गरिनेछ ।

ख) शेयर सदस्यहरुलाई आधारभूत सहकारी शिक्षा तालिम प्रदान गर्न गत आ.ब.को अन्त्यमा रहेको कुल सदस्य संख्याको २५% सदस्यलाई सहभागि गराइनेछ ।

ग) ऋणी सदस्यहरुको लागि ऋण शिक्षा तथा ऋण परामर्श सेवा निरन्तर प्रदान गरिनेछ ।

घ) संस्थामा कार्यरत कर्मचारीहरुको लागि नेकोस प्लस पुनर्ताजगी तालिमको आयोजना गरिनेछ ।

ङ) संचालकहरुको क्षमता अभिबृद्धिका लागि संस्थागत विकास तालिम संचालन गरिनेछ ।

च) उच्च व्यवस्थापन स्तरका कर्मचारीहरुको लागि पर्ल्स तथा वित्तिय विश्लेषण तालिमको आयोजना गरिनेछ ।

छ) संचालक तथा कर्मचारीहरुको संयुक्त अवलोकन भ्रमण मार्फत सिकाई कार्यलाई निरन्तरता दिइनेछ ।

ज) अन्य संघ संस्थाको आयोजनामा संचालित तालिमहरुमा मौजुदा जनशक्तिहरु मार्फत सहभागिता जनाइनेछ ।

झ) संस्थागत विकासका लागि अवसर प्राप्त भए सम्म राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठीमा सहभागिता जनाइनेछ ।

ञ) स्वाबलम्वन सम्बन्धी शसक्तीकरणको लागि तालिम, गोष्ठीको आयोजना गरिनेछ ।

**९. मानव संशाधन व्यवस्था :**

क) मानव संशाधन नीति अनुसार कार्यरत कर्मचारीहरुलाई व्यवस्थापन गरिनेछ ।

ख) वर्तमान कर्मचारी व्यवस्थापन संरचना अनुसार मौजुदा कर्मचारीहरुको योग्यता क्रम अनुसार समायोजन गरिनेछ ।

ग) यस आ.ब.मा १ जना सुरक्षा गार्डको दरबन्दी सृजना गरिनेछ।

घ) कार्यरत कर्मचारीहरुलाई सरुवा बढुवा गरी व्यवस्थापन गरिनेछ।

ङ) प्रमुख कार्यकारिणी अधिकृतको दरबन्दी सृजना गरिनेछ।

**१०. कार्यालय व्यवस्थापन :**

क) कार्यालय परिसर तारबार गरिनेछ।

ख) सी.सी. क्यामरा, ए.सी. जडान सहितको अपाङ्ग मैत्री भवनको निर्माण गरिनेछ।

ग) कार्यालय परिसर भित्र सवारी साधन पार्किङ्गका लागि तहरा निर्माण गरिनेछ।

घ) साकोसको सबै कार्यालयहरुमा सिसी क्यामरा जडान गरिनेछ।

च) मोबाइल बैकिंङ्ग, ए.टी.एम. कार्डको सुचारुको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

छ) क्यास काउन्टिङ्ग मेसिन १ थान खरिद गरिनेछ।

ज) बचत संकलनका लागि ट्याव ४ थान खरिद गरिनेछ।

झ) नेकोस प्लस सफ्टवेयरलाई ब्रान्चिङ्ग गरिनेछ।

**११. संस्था सुपरिबेक्षण कार्यक्रम :**

क) यस आ.ब.मा पनि नेफ्स्कूनद्वारा संचालित जोखिममा आधारित साकोस सुपरिबेक्षण (कर्बस) कार्यक्रममा संलग्नता जनाइनेछ।

ख) कर्बस निर्देशिकामा निर्देशित मार्ग दर्शन पछ्याई पर्ल्स मापदण्ड पुरा गर्ने गरी व्यवस्थापन पक्ष परिचालित गरिनेछ।

ग) कर्वस कार्यक्रम नियमनकारी निकायबाट अडिट गराइने छ।

**१२. नीति विधी व्यवस्थापन :**

क) कर्वस कार्यक्रम द्वारा निर्देशित सबै नीति तथा कार्यविधीहरु निर्माण गरि लागु गरिनेछ।

**१३. सामाजिक सेवा कार्यक्रम :**

क) समय सापेक्ष सगुन साकोसको आयोजनामा बृहत रक्तदान कार्यक्रम १ पटक संचालन गरिनेछ।

**१४. छपाई तथा प्रकाशन :**

क) आम्दानीको श्रोत खुल्ने बचत जम्मा पूर्जाको छपाई

ख) सगुन भित्तेपात्रो निर्माण २०८०

ग) बार्षिक प्रतिबेदन प्रकाशन २०७९

घ) कार्यालयिय कागजात तथा मसलन्द छपाई कार्यलाई निरन्तरता दिइनेछ।

ङ) आवश्यकता अनुसार मायाको चिनो निर्माण गरि सदुपयोग गरिनेछ।

**१५. पुरस्कार सम्मान :**

क) बीमा पोलिसी बढी विक्री गर्ने कर्मचारीलाई उपयुक्त पुरस्कारको व्यवस्था मिलाइनेछ।

ख) बार्षिक कार्यसम्पादन मूल्यांकन मार्फत कतबाा या तजभ थभबच मा परेका कर्मचारीलाई पुरस्कार सम्मान मार्फत उत्प्रेरित गरिनेछ।

ग) शेयर सदस्य तथा संचालक समिति उपसमितिलाई सदस्यता बृद्धि बापत प्रति सदस्य १ थान शेयर प्रदान गरिनेछ ।

घ) सबै भन्दा बढी शेयर कित्ता खरिद गर्ने सदस्यलाई सम्मान गरिनेछ ।

**१६. दिवस तथा समारोह :**

क) वार्षिक साधारण सभा

ख) संस्था एकीकरण दिवस

ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी दिवस

घ) अन्तर्राष्ट्रिय नारी दिवस

ङ) वातावरण दिवस

**१७. सहकारी एकीकरण व्यवस्था :**

क) कार्यक्षेत्र भित्र रहेका सम्भव हुने तपशिल बमोजिमका सहकारी संस्थाहरु संग एकीकरणको लागि पहल गरिने छ ।

अ) परगा कृषि सहकारी संस्था लि. ठाकुरबाबा-३, मिर्चैया

आ) सैदान बचत तथा ऋण सहकारी संस्था लि. बारबर्दिया-५, जब्दहवा

इ) स्वच्छ महिला कृषि सहकारी संस्था लि., बारबर्दिया-३, रामपुर

ख) एकीकरणको लागि कार्यदल गठन गरी प्रक्रिया अगाडी बढाइनेछ ।

**१८. साधारण सभा व्यवस्था :**

क) साधारण सभामा उपस्थित हुने शेयर सदस्यहरुलाई आवतजावत तथा खाजा खर्च बाफत जनही रु.१००/- हातहातै उपलब्ध गराइनेछ ।

धन्यबाद ! जय सहकारी

# हार्दिक शुभकामना

**नेपालीहरुको महान चाडे विजया दशमी, शुभ दिपावली तथा छठ पर्वको पावन अवसरमा हामी हाम्रा शेयर सदस्य महानुभाव, शुभचिन्तक लगायत सम्पूर्ण देश विदेशमा रहनुहुने नेपाली दाजुभाई दिदी वहिनीहरुमा शुभकामना व्यक्त गर्दछौं ।**

**सचिव**
**एवं सगुन साकोस परिवार**

# सगुन बचत तथा ऋण सहकारी संस्था लि.

**ठाकुरबाबा न.पा. ५, शाहीपुर, बर्दिया**

## कोषाध्यक्ष प्रतिबेदन

**आ.ब. २०७८/०७९ को यथार्थ आय-व्यय तथा**
**आ.ब.२०७९/०८० को अनुमानित आय-व्यय विवरण**



**राधा थारू**
**कोषाध्यक्ष**

यस सगुन बचत तथा ऋण सहकारी संस्था लि.को दोस्रो बार्षिक साधारण सभाको सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, तथा सम्पूर्ण अतिथि ज्यूहरु, संचालक समितिका सहकर्मी पदाधिकारी सदस्यहरु, लेखा सुपरिबेक्षण समिति र सम्पूर्ण उपसमितिका संयोजक तथा सदस्य ज्यूहरु, संस्थाका शेयर धनी सदस्य ज्यूहरु तथा शुभचिन्तक महानुभावहरु र संस्थाका कर्मचारी मित्रहरु, संस्थाको संचालक समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन गर्न चाहन्छु ।

यस सगुन बचत तथा ऋण सहकारी संस्था लि. वि.स. २०५३ साल चैत्र २४ गते डिभिजन सहकारी कार्यालय बर्दियामा दर्ता भई समुदायमा आधारित रहेर संचालनमा रहेको संस्था हो । वि.स. २०७७ साल पौष १२ गते पहिलो पटक श्री उमंग महिला कृषि सहकारी संस्था लि. संगको एकीकरण पछि आज हामी दोस्रो बार्षिक साधारण सभा सम्पन्न गर्न जुटिरहेका छौं । यस गरिमामय साधारण सभामा सहभागि भइरहनु भएका शेयर धनी सदस्य ज्यूहरु समक्ष मेरो पदीय जिम्मेवारी अनुसार आ.ब. २०७८/०७९ को यथार्थ आय-व्यय तथा आ.ब. २०७९/०८० को अनुमानित आय-व्यय विवरण( बजेट) प्रस्तुत गर्न पाउँदा खुशी लागिरहेको छ ।

संस्थाको पहिलो ४ बर्षे रणनीतिक व्यवसायिक योजनाको तेस्रो वर्ष पुरा भई चौथो तथा अन्तिम वर्षमा प्रबेश गरेका छौं । "सम्पूर्ण वित्तिय सेवा सहितको समुदायमा आधारित सक्षम दिगो साकोस" को परिकल्पना लिएर सदस्य सेवालाई सहज, सुलभ, छिटो छरितो, भरपर्दो, विश्वासिलो बनाउन नीति, विधी र प्रविधिको उपलब्धता तथा सही सदुपयोगमा जोड दिइएकोछ । सदस्यहरुलाई बचत,ऋण, विप्रेषण तथा बीमा सम्बन्धी वित्तीय सेवा तथा सहकारी शिक्षा, वित्तीय साक्षरता तथा परामर्श, व्यावसायिक परामर्श तथा तालिम जस्ता कार्यक्रमद्वारा व्यावसायिक क्षमता विकास गरी आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणिय रुपमा सुधार गरी जीवन स्तर उकास्नु संस्थाको प्रमुख उद्देश्य हो । यही उद्देश्य प्राप्तिका लागि नै संस्थाको व्यावसायिक क्षमता विकासका अभ्यासहरु अवलम्वन गर्न लागिरहेका छौं ।

यसै अनुरुप आ.ब. २०७८/०७९ मा विगत २ वर्ष कोरोना महामारीका कारण भएको बन्(

दाबन्दी तथा सोको असरले साथै रुस युक्रेन युद्धका कारण पर्न गएको आर्थिक मन्दी झेल्दै गुज्रेको मन्द आर्थिक क्रियाकलापबाट भएको सानो उपलब्धी समेटिएको प्रतिबेदन तथा उज्यालो भविष्यको आशा जगाउँदै तयार गरिएको २०७९/०८० को अनुमानित आय-व्यय विवरण(बजेट) प्रस्तुत गर्न गइरहेको छु ।

आ.ब. २०७८/०७९ को प्रमुख यथार्थ वित्तिय विवरणहरु :

| क्र.स. | विवरण | उपलब्धि |
|---|---|---|
| १. | शेयर पूँजी | १८७२५०००।०० |
| २. | जगेडा कोष | ६९५२३६३।५३ |
| ३. | बचत/निक्षेप | १३१९७१९९८।४८ |
| ४. | लगानीमा रहेको ऋण | १३५९९४७०६।०० |
| ५. | कुल आम्दानी | १९८४९४२७।७९ |
| ६. | कुल खर्च | १७५९४८०१।१५ |
| ७. | कुल नाफा | २२५४६२६।६४ |
| ८. | कुल सम्पत्ति | १६६५१२९३८।३७ |

चालु आ.ब.२०७९/०८० को प्रमुख प्रस्तावित वित्तिय विवरणहरु :

| क्र.स. | विवरण | उपलब्धि |
|---|---|---|
| १. | शेयर पूँजी | २६८०८६००।०० |
| २. | जगेडा कोष | १३९८७०८६।८२ |
| ३. | बचत/निक्षेप | १८०४३३३७०।९४ |
| ४. | लगानीमा रहेको ऋण | १८६४९४४९१।०० |
| ५. | कुल आम्दानी | २७११६५४५।८४ |
| ६. | कुल खर्च | २१२८८५९३।०० |
| ७. | कुल नाफा | ५८२७९५२।८४ |
| ८. | कुल सम्पत्ति | २३३११८११३।७२ |

पुऱ्याउने लक्ष्य लिइएको छ । माथि उल्लिखित प्रस्तावित वित्तिय विवरणलाई विस्तारितरुपमा तल प्रस्तुत गरिएको छ ।

## अनुमानित वासलात २०७९/०८०

| क.सं. | विवरण | २०७८/०७९ यथार्थ | २०७९/०८० अनुमानित | कुल सम्पत्तिमा अनुपात | बृद्धि रकम | प्रतिशत |
|---|---|---|---|---|---|---|
| अ | पूजि तथा दायित्व | | | | | |
| १ | शेयर पूजि | १८७२५०००।०० | २६८०८६००।०० | ११।५ | ८०८३६००।०० | ४३।१७ |
| २ | जगेडा कोष | ६९५२३६३।५३ | १३९८७०८६।८२ | ६।०० | ७०३४७२३।२९ | १०१।२ |
| ३ | अन्य कोष | २१७१२६।६७ | ११६५५९०।५७ | ०।५० | ९४८४६३।९० | ४३६।८ |
| ४ | बाँडफाँड गर्न बाँकी नाफा | २२५४६२६।६४ | ५८२७९५२।८४ | २।५० | ३५७३३२६।२० | १५८।५ |
| | शेयर धनीहरूको पूजि जम्मा | २८१४९११६।८ | ४७७८९२३०।२३ | २०।५० | १९६४०११३।३९ | ६९।७७ |
| | दायित्वहरू | | | | | |
| १ | बचत/ निक्षेप हिसाब | १३१९७१९९८।४८ | १८०४३३३७०।९४ | ७७।४० | ४८४६१३७२।४६ | ३६।७२ |
| २ | वाह्य ऋण | ०।०० | ०।०० | ० | ०।०० | ०।०० |
| ३ | भुक्तानी दिनुपर्ने हिसाब | ४१०४२७।२८ | ३१४७०९।४५ | ०।१३५ | (९५७१७।८३ | (२३।३ |
| ४ | अन्य कोष | ४४८५८६।७४ | ५८२७९५।२८ | ०।२५ | १३४२०८।५४ | २९।९२ |
| ५ | अन्य दायित्व हिसाब | ३३०००।०० | ३५०००।०० | ०।०१५ | २०००।०० | ६।०६१ |
